# आकाशवाणी समाचार- नेपाली
## मितिः २६ अप्रेल २०२६
## समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज 11 बजे आकाशवाणीको 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरूसित आफ्नो विचार साझा गर्नुहुनेछ।

- अर्थशास्त्री अशोक कुमार लाहिडीलाई नीति आयोगको उपाध्यक्ष नियुक्त गरिएको छ।

- सरकारले देशभरी पेट्रोलियम पदार्थ र एलपीजीको निर्बाध उपलब्धता सुनिश्चित गर्न धैरै कदम चालेको छ।

- जोहान्सबर्गमा भारतले चौथो महिला टी-ट्वेंटी क्रिकेट म्याचमा दक्षिण अफ्रीकालाई 14 रनले पराजित गरेको छ ।

- मौसम विभागले दिल्ली, पंजाब, हरियाणा, चंडीगढ़, हिमाचल प्रदेश, राजस्थान, उत्तर प्रदेश, विदर्भ, मध्य प्रदेश, छत्तीसगढ़ अनि जम्मू-कश्मीरमा लू चल्ने संभावना व्यक्त गरिएको छ।

**प्रधानमंत्री - मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले आज 11 बजे आकाशवाणीको 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिसहरूसित आफ्नो विचार साझा गर्नुहुनेछ।यो मासिक रेडियो कार्यक्रमको 133 औं शृंखला हो। कार्यक्रमको प्रसारण आकाशवाणी र दूरदर्शनका सम्पूर्ण नेटवर्कहरूमा गरिनेछ।यसको सीधा प्रसारण एआईआर न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय र सूचना तथा प्रसारण मंत्रालयको यूट्यूब चैनलहरूमा पनि गरिनेछ।आकाशवाणी द्वारा क्षेत्रीय भाषाहरूमा पनि यसको प्रसारण गरिनेछ।

**प्रधानमंत्री-नीति आयोग**

प्रधानमन्त्री नरेन्द्र मोदीले नीति आयोग भारतको नीति निर्माण संरचनाको एक महत्वपूर्ण स्तम्भको रूपमा देखा परेको बताउनु भएको छ।यसले सहकारी संघवादलाई बढ़ावा दिन, सुधारहरूलाई अगाडि बढाउन र जीवनलाई सुगम बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।प्रधानमन्त्रीले सोशल मीडिया पोस्ट मार्फत भन्नुभएको छ नीति आयोगले विभिन्न क्षेत्रहरूमा नवाचार र दीर्घकालिक रणनीतिक सोचको लागि गतिशील मंचको रूपमा काम गर्दछ। नीति आयोगका नव नियुक्त उपाध्यक्ष अशोक कुमार लाहिड़ीले आज नयाँ दिल्लीमा प्रधानमन्त्रीसित भेटवार्ता गर्नुभयो। भेटघाटको क्रममा श्री मोदीले श्री लाहिड़ीलाई उहाँको नियुक्तिमा शुभकामना दिनुभयो। प्रधानमन्त्रीले श्री लाहिड़ीको प्रयासले देशमा नीति निर्माणलाई नयाँ ऊर्जा दिने विश्वास व्यक्त गर्नुभयो।

**नीति आयोग-नए उपाध्यक्ष**

अर्थशास्त्री अशोक कुमार लाहिडीलाई नीति आयोगको उपाध्यक्ष नियुक्त गरिएको छ। उहाँले वर्तमान उपाध्यक्ष सुमन के. बेरीको स्थान लिनुहुनेछ। श्री लाहिडीका साथ, सरकारले नीति आयोगको पूर्णकालिक सदस्यको रुपमा राजीव गौबा, के०वी० राजू, गोबरधन दास, एम० श्रीनिवास र अभय करंदीकरलाई नियुक्त गरेको छ। श्री लाहिड़ी एक अनुभवी नीति निर्माता हुनुहुन्छ । यसअघि उहाँ भारतका 12 औं मुख्य आर्थिक सल्लाहकारको रूपमा कार्यरत्त हुनुहुन्थ्यो।

**प्रधानमंत्री-श्री राम कलेज**

प्रधानमंत्री नरेन्द्र मोदीले भारतको प्रतिष्ठित शिक्षण संस्थानहरू मध्ये एक, श्रीराम कलेज अफ कमर्सको

प्रशासनिक निकायको प्रतिनिधिमंडलसित भेट गर्नुभएको छ। सोशल मीडिया पोस्टमा हिजो प्रधानमंत्रीले संस्थानको शताब्दी वर्षगांठको उपलक्ष्यमा शुभकामना व्यक्त गर्नुभएको छ।यस अवसरमा एक स्मारक डाक टिकट पनि जारी गरिएको थियो।

**सरकार पेट्रोलियम**

सरकारले देशभरी पेट्रोलियम पदार्थ र एलपीजीको निर्बाध उपलब्धता सुनिश्चित गर्न धेरै कदम चालेको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले घरेलु प्रयोगको लागि एलपीजी आपूर्तिलाई प्राथमिकता दिइएको र कुनै पनि एलपीजी वितरण केन्द्रले आपूर्ति अभावको रिपोर्ट नगरेको बताएको छ।

**बाईट**

**मनोहर लाल - हुडको**

केन्द्रीय आवासन तथा शहरी कार्य मन्त्री मनोहर लालले आगामी चार वर्षमा शहरी विकासको लागि १ लाख करोड रुपैयाँ खर्च गर्ने घोषणा गर्नुभएको छ। हिजो नयाँ दिल्लीमा आवासन तथा शहरी विकास लिमिटेड (हुडको) को ५६ औं स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै उहाँले राज्य सरकारहरूले पनि यस दिशामा छुट्टै १ लाख करोड रुपैयाँ खर्च गर्ने घोषणा गर्नुभएको हो। श्री मनोहर लालले शहरी चुनौती कोष हालै स्वीकृत भएको बताउनुभयो, जसमा कुल १ लाख करोड रुपैयाँको केन्द्रीय सहयोग रहेको छ।

आवासन मन्त्रीले हुडको स्थापनाकालदेखि नै निरन्तर बढिरहेको र शहरी विकासमा प्रमुख भूमिका खेलिरहेको बताउनुभयो।उहाँले यातायात केन्द्रित विकास नीति अन्तर्गत राष्ट्रिय राजधानीका मेट्रो स्टेशनहरू वरपरका क्षेत्रहरूमा ठूला स्तरका आवास परियोजनाहरू सुरु गरिने बताउनुभयो।यो नीतिले नागरिकहरूलाई मेट्रो सेवामा प्रत्यक्ष सम्पर्क स्थापित गर्ने बताउनुभयो। श्री मनोहर लालले आगामी बीस वर्षमा देशमा शहरी विकासमा लगभग ७० लाख करोड रुपैयाँ खर्च हुने अपेक्षा गरिएकोमा जोड दिनुभयो।

**जनगणना टोल-फ्री नम्बर**

भारतको महापंजीयक र जनगणना आयुक्त कार्यालय अनुसार जनगणना 2027 को लागि देशभरि टोल-फ्री नम्बर 1855 सक्रिय भएको छ।यस हेल्पलाइनले घर सूचीकरण र आवास जनगणनाको जानकारीमा मार्गदर्शन प्रदान गर्नेछ। यो जानकारी क्षेत्रीय भाषाहरू र अंग्रेजीमा उपलब्ध हुनेछ।

**अनिवार्य घोषणा-पीपल्स पद्म ऑन आकाशवाणी**

आकाशवाणी समाचारको विशेष कार्यक्रम **'पीपल्स पद्म'** अंतर्गत आज हामी प्रख्यात अंतरिक्ष वैज्ञानिक डॉ. शुभा वेंकटेश अयंगरसित बातचीत हुनेछ।उहाँले भारतको अंतरिक्ष अनुसंधान र प्रौद्योगिकी विकासमा महत्वपूर्ण योगदान गर्नुभएको छ|यो कार्यक्रम आज बिहान 9 बजेर दस मिनटमा आकाशवाणीको एफ. एम. गोल्ड चैनलमा प्रसारित गरिनेछ। यसलाई **न्यूज़ ऑन ए.आई.आर. ऐप** अनि **न्यूज़ ऑन एयर ऑफिशियल** यूट्यूब चैनलमा पनि सुन्न सकिनेछ।

**तेलंगाना माओवादी - आत्मसमर्पण**

तेलंगाना पुलिसको उपस्थितिमा, छत्तीसगढका केही महिला माओवादीहरू सहित लगभग ४७ माओवादीहरूले हैदराबादमा आत्मसमर्पण गरेका छन्। छत्तीसगढको दक्षिण बस्तर डिभिजनका यी माओवादीहरूले पुलिस महानिदेशक (डीजीपी) शिवधर रेड्डी समक्ष आत्मसमर्पण गरेका हुन्।यस अवसरमा, श्री रेड्डीले आत्मसमर्पण गरेका माओवादीहरूले आफ्नो कब्जामा रहेका ३२ हतियार पुलिसलाई बुझाएको बताउनुभयो।उहाँले आत्मसमर्पण गर्नेहरूलाई केन्द्र सरकारको प्रोत्साहन योजना र नि:शुल्क स्वास्थ्य कार्ड, साथै १२ लाख रुपियाँको पुनर्वास प्याकेज प्रदान गरिने घोषणा गर्नुभयो। डीजीपीले निर्वासन छोडेर मुख्यधारा समाजमा पुन: सामेल हुन चाहनेहरूलाई सरकारले सबै सम्भव सहयोग प्रदान गर्ने आश्वासन दिनुभयो।

झारखण्डमा हालै भएको मुठभेड र केन्द्र सरकारले तोकेको समयसीमा समाप्त भएको सन्दर्भमा माओवादीहरूको यो सामूहिक आत्मसमर्पणले महत्व राख्छ। डीजीपीले स्पष्ट पार्नुभयो- आत्मसमर्पण गर्ने सबै माओवादीहरू छत्तीसगढका थिए र तेलंगानाका कोही पनि समावेश थिएनन्।डीजीपीले विशेष गुप्तचर शाखा पुलिसको समर्पित, समन्वित प्रयासको

प्रशंसा गर्नुभयो।उहाँले भन्नुभयो -२०२६ मा तेलंगानामा हालसम्म २६० भूमिगत माओवादीले आत्मसमर्पण गरेका छन्। डीजीपीले भन्नुभयो-तेलंगानाका केवल चार माओवादी कार्यकर्ताहरू अझै भूमिगत छन् र तेलंगाना बाहिर सक्रिय छन्।

**भारत-अष्ट्रेलिया**

भारतका लागि अष्ट्रेलियाका उच्चायुक्त फिलिप ग्रीनले दुई देशबीचको द्विपक्षीय सम्बन्ध उच्चतम स्तरमा रहेको बताउनुभयो। एक समाचार एजेन्सीसँग कुरा गर्दै उहाँले भन्नुभयो- दुई देशहरू चतुर्भुज सुरक्षा संवादमा सँगै छन् र इन्डो-प्यासिफिकमा समान विचारहरू साझा गर्छन्।उहाँले उल्लेख गर्नुभयो-दुई देशहरूको बलियो, पूरक अर्थव्यवस्था छ।भारतका लागि अष्ट्रेलियाली रक्षा कर्मचारी प्रमुख डेमियन हिलले भन्नुभयो- दुई देशको सम्बन्ध चार वर्षे व्यापक रणनीतिक साझेदारीभन्दा अगाडि जान्छ। विश्वव्यापी तनावको बारेमा, श्री ग्रीनले भन्नुभयो- कि स्ट्रेट अफ होर्मुज र पश्चिम एशियाभरि सैन्य तनाव कम गरिनुपर्छ।

**इरान-अमेरिका वार्ता**

इरानी विदेशमन्त्री अब्बास अराघची ओमानको भ्रमणपछि र रुसको भ्रमणअघि इस्लामाबाद भ्रमण गर्ने अपेक्षा गरिएको छ। यसले अमेरिकासँग अप्रत्यक्ष वार्ताको सम्भावना बढाएको छ। शुक्रबार इस्लामाबाद आइपुगेका अराघचीले प्रधानमन्त्री शाहबाज शरीफ, फिल्ड मार्शल असिम मुनिर र अन्य अधिकारीहरूसँग भेट गर्नुभयो।

**बाईट**

**महिला टी-ट्वेंटी**

जोहान्सबर्गमा भारतले चौथो महिला टी-ट्वेंटी क्रिकेट म्याचमा दक्षिण अफ्रीकालाई 14 रनले पराजित गरेको छ । भारतले पहिला ब्याटिंग गर्दै निर्धारित 20 ओवरमा पांच विकेटमा 1 सय 85 रन बनाए। जवाबमा दक्षिण अफ्रीकाको टीमले 9 विकेटमा 171 रन मात्र बनाउन सक्यो । भारतको तर्फबाट दीप्ति शर्माले पांच विकेट लिए अनि 36 रन बनाए। दीप्ति शर्मालाई उत्कृस्ट खेलको लागि प्लेयर ऑफ द मैच चुनियो।

**मौसम**

मौसम विभागले दिल्ली, पंजाब, हरियाणा, चंडीगढ़, हिमाचल प्रदेश, राजस्थान, उत्तर प्रदेश, विदर्भ, मध्य प्रदेश, छत्तीसगढ़ अनि जम्मू-कश्मीरमा लू चल्ने संभावना व्यक्त गरिएको छ।यसरी नै विभागले आगामी चार दिनको लागि अरुणाचल प्रदेश, असम, मेघालय, नागालैंड, मणिपुर, मिजोरम, त्रिपुरा, सिक्किम र पश्चिम बंगालमा हिमालयको तराई क्षेत्रहरूमा तेज वर्षा हुने अनुमान व्यक्त गरिएको छ।

***************